नेपाल सरकार

भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालयको

सूचना

# भूउपयोग कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) निर्देशिका, २०८१

**माननीय मन्त्रीज्यूबाट स्वीकृत भएको मितिः २०८१ साउन ०२**

भूउपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका २०८१,लाई संशोधन गर्न वाञ्छनीय भएकोले, भूउपयोग ऐन, २०७६ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले देहायका दफाहरुमा संशोधन गरिएको छ :-

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "भूउपयोग कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) निर्देशिका, २०८१" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **भूउपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८१ को दफा ७ को उपदफा (१) मा संशोधनः** भूउपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८१ (यस पछि मूल निर्देशिका भनिएको) को दफा ७ को उपदफा १ मा रहेको "यो निर्देशिका प्रारम्भ भएको मितिले पैंतालिस दिनभित्र "शब्दहरुको सट्टा" यो निर्देशिका प्रारम्भ भएको मितिले पचहत्तर दिनभित्र" भन्ने शब्दहरु राखिएका छन्।

३. **भूउपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८१ को दफा ३९ को उपदफा (५) मा संशोधनः** मूल निर्देशिकाको दफा ३९ को उपदफा (५) मा रहेको "आवासीय क्षेत्र वाहेक अन्य क्षेत्रमा" शब्दहरुको सट्टा "आवासीय वा व्यावसायीक क्षेत्र वाहेक अन्य क्षेत्रमा" भन्ने शब्दहरु राखिएका छन्।

२०८१।४।५

(गणेशप्रसाद भट्ट)

प्रवक्ता